जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १३० २०७७ साल पुस ४ गते शनिबार (19 Dec. 2020 Saturday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सर्पको विषविरुद्ध ... ३ पृष्ठमा : समुन्नती कार्यक्रम अन्तरगत... ३ पृष्ठमा : विद्यालयबाट अपहरित ...

## आगलागिबाट जलेर एक बृद्धको मृत्यु




**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

राजविराज नगरपालिका वडा नं. १६ बोरियामा शुक्रबार बिहान आगलागि हुँदा एक बृद्धको जलेर मृत्यु भएको छ ।

विद्युत सर्ट भई भएको आगलागिमा बोरिया टोलका मिश्रिलाल यादवका ८५ वर्षिय बुवा झलाई यादवको मृत्यु भएको हो ।

खाना खाएर राती १० बजेतिर घरआंगनमै रहेको गोठमा सुतेका उनी बिहान ३ बजेतिर अचानक विद्युत सर्ट भई आगलागि हुँदा भाग्न नसकेर जलेको र घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

टिनको छाना तथा फुस र टाटीको बेराले बनेको घरका साथै लत्ता कपडा, भाडाकुडा, खाद्यान्नलगायतका सरसामान जलेर नष्ट हुँदा करिब ३ लाख रुँपैया बराबरको क्षति भएको मृतकका छोरा मिश्रिलालले बताए ।

यता आगलागिमा एक चौपायसमेत जलेर मरेका छन् । राजविराज नगरपालिकाको बारुणयन्त्र, स्थानियवासी र प्रहरीको मद्धतले एक घण्टाको प्रयासपछि आगोमाथी नियन्त्रण लिइएको थियो । मृतकको शवलाई पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल पठाइएको डिएसपी साहले बताए ।

## माइक्रो काउन्टरमा तोडफोड

**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

राजविराजस्थित दुई माइक्रो बुकिङ काउन्टरमा बिहीबारराती एक समूहले तोडफोड गरेका छन् ।

राजविराज नगरपालिका ४ स्थित छिन्नमस्ता यातायात प्रालि तथा वडा नं. ७ स्थित राजविराज ट्राभल्स एजेन्सी माइक्रो बस बुकिङ काउन्टरमा बिहीबार राती ९ बजेतिर तोडफोड भएको हो ।



काउन्टर बन्द गरि घर गएको बेला ५/६ जनाको एक समूहले तोडफोड गर्नुका साथै कोठा भाडाका लागि दराजमा राखिएको ८० नगदसमेत लुटेर लगेको छिन्नमस्ता यातायात प्रालिका इन्चार्ज बिरेन्द्र साहले बताए ।

तोडफोडबाट टेबुल, कुर्सी, टेलिभिजन, दराज लगायतका गरि डेढ लाख बराबरको क्षति भएको उनले बताए । सोही समूहले राजविराज ट्राभल्स एजेन्सीको माइक्रो बस बुकिङ काउन्टरमा समेत तोडफोड गरि ५० हजार बराबरको क्षति पुर्‍याएको एजेन्सीका प्रमुख धिरेन्द्र बर्माले बताए ।

यता प्रहरीले घटनामा संलग्न रहेको आरोपमा तीन जनालाई पक्राउ गरि अनुसन्धान अगाडी बढाएको जनाएको छ ।

## चिसोका कारण चारको मृत्यु

लहान, ३ पुस (रासस) ।

केही दिनयता बढेको अत्यधिक चिसोका कारण एक साताको अवधिमा सिरहामा चार जनाको मृत्यु भएको छ । चिसोका कारण जिल्लाको बरियारपट्टी गाउँपालिका–५ झिझौल निवासी २५ वर्षीय रवीन्द्र यादव, मिर्चैया नगरपालिका–११ गदहवा निवासी २५ वर्षीय अरुणकुमार यादव, कर्जन्हा नगरपालिका–३ बन्दीपुर निवासी ७० वर्षीय बिल्टु महतो र नाम ठेगाना खुल्न नसकेका एकको मृत्यु भएको जिल्ला

***बाँकी तीन पृष्ठमा***

## वेपत्ता बालक आँप बगौचामा मृत भेटिए

**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाबाट बिहीबार वेपत्ता भएका एक बालकको शव शुक्रबार फेला परेको छ ।

सो गाउँपालिका ३ सकरपुरा निवासी रोहित मुखियाका ५ वर्षिय छोरा आनन्दको मृत शरीर शुक्रबार दिउँसो घरबाट पाँच सय मिटर टाढा रहेको आँपको बगौचामा पराल र आँपको हांगाले छापेर राखेको अवस्थामा प्रहरीले फेला पारेको हो ।

बालक आनन्द बिहीबार दिउँसोदेखी वेपत्ता थिए । उनी घरबाट ५ सय मिटर टाढा रहेको आँप बगैचामा साथीभाईसँग खेल्न गएका बेला वेपत्ता भएका थिए । उनको ढाड र टाउँकोमा



मृतक पाँच वर्षिय आनन्द

गहिरो चोट देखिएको छ ।

अबेर साँझसम्म छोरा घर नफर्किएपछि चिन्तित बनेका बुवा रोहितले राती १० बजेतिर प्रहरीलाई खबर गरे लगत्तै खोजतलास गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले बताए ।

उनका अनुसार बालकलाई स.१त. ७७५२ नम्बरको गाउँकै ट्याकटरले ठक्कर दिएर मारेको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताए । गाउँमै माटो ओसारपोसार गर्ने काममा लागेका सो ट्याक्टर घटनाका दिन सोही क्षेत्रमा ओहोरदोहोर गरेको सूचनाको आधारमा गहिरो अनुसन्धान थाल्दा सत्यतथ्य खुलेको प्रहरीको भनाई छ ।

ट्याक्टरलाई नियन्त्रणमा लिइसकिएको छ भने पहिचान भइसकेका चालक हाल फरार रहेको उनले जानकारी दिएका छन् । बालकको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पतालमा पठाई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



# भूउपग्रह सञ्चालन गर्न नयाँ प्रस्ताव आह्वान

काठमाडौँ, ३ पुस (रासस) ।

नेपाल दूरसञ्चार प्राधिकरणले नेपालको आफ्नै भूउपग्रह राख्ने प्रक्रियाका लागि आशयपत्र माग गरेको छ । गत मङ्सिर २२ गते पुरानो प्रस्ताव रद्द गरेको प्राधिकरणले यसको नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन ढाँचाको नीति तय गर्न नयाँ प्रस्ताव आह्वान गरेको हो ।

प्राधिकरणले बुधबार सूचना जारी गर्दै अन्तरराष्ट्रिय दूरसञ्चार प्राधिकरणले उपलब्ध गराएको कक्षमा भूउपग्रह स्थापनाको तयारी गर्दै अन्तरराष्ट्रिय परामर्शदाताबाट आशयपत्र मागेको हो । प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालका अनुसार आशयपत्रमा ४० प्रतिशत योग्यता, ५० प्रतिशत अनुभव र १० प्रतिशत क्षमताका आधारमा परामर्शदाता छनोट गरिनेछ । परामर्शदाताले भूउपग्रह नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन ढाँचा, भूउपग्रह स्थापनाको बोलपत्र आह्वान गर्दा स्पेसिफिकेसन तयार पार्नुपर्ने, भूउपग्रहको व्यावसायिक सम्भाव्यताको खोजी गर्नुपर्ने र स्थापना भएपछिको नियमनको परामर्श सेवा दिनुपर्ने उहाँले जानकारी दिनुभयो ।

सन् २०२२ भित्र आफ्नै भूउपग्रह सञ्चालनमा ल्याउने जनाउँदै गत असारमा भूउपग्रहसम्बन्धी नीति सार्वजनिक गरिएको थियो । यसअघिको आशयपत्रमा नेपालको आफ्नै भूउपग्रह राख्ने गरी प्राधिकरणले २०७३ साल असोज २० गते आह्वान गरेको आशयपत्रमा १२ देशका २२ कम्पनीले भूउपग्रह राख्न रुचि देखाएका थिए ।

चीन, भारत, थाइल्याण्ड, सिङ्गापुर, जापान, दक्षिण कोरिया, साउदी अरब, इजरायल, क्यानडा, फ्रान्स, रुस र अमेरिका गरी २२ कम्पनीले नेपालका लागि भूउपग्रह राखिदिने रुचिसहित प्रस्ताव पेस गरेका थिए । दूरसञ्चार सेवा प्रदायक रेडियो तथा टेलिभिजन विदेशी भूउपग्रहबाट सञ्चालन हुँदै आएकामा आफ्नै जडान गरेर रेडियो तथा टेलिभिजन सञ्चालन गर्ने सरकारको लक्ष्य छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सर्पको विषविरुद्ध स्वास्थ्य विज्ञान प्रतिष्ठान

सर्लाही, ३ पुस (रासस) ।

जिल्लाको लालबन्दी नगरपालिका-६ मा स्थापना भएको 'फलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान'ले विषालु सर्प पाल्नका लागि खरीद गरेको जग्गा खाली गर्ने काम अन्तिम चरणमा पुगेको छ । विषालु सर्पपालनका लागि खरीद गरेको साढे आठ बिघा जग्गा खाली गर्ने काम अन्तिम चरणमा पुगेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका निर्देशक उमेश बरालले किसानलाई जग्गा खाली गराउन अग्रिम सूचना दिइएकामा हाललाई रुख, बोटबिरुवा आदि हटाइएको भए पनि केही जग्गामा उखु बाली भएको र किसानको उखु कटानको चलानसमेत नआइपुगेको गुनासो आएपछि किसानको वर्षौंको मेहनतलाई मध्यनजर गर्दै खाली गर्न केही समय थप गरिएको बताउनुभयो । केही दिनमा अर्को सूचना निकाली ठेक्काको प्रक्रिया र जमीन सम्याउने कामसमेत एक साथ अगाडि बढाइने उहाँले बताउनुभयो ।

नेपालभित्र 'एन्टी स्नेक भेनम' उत्पादन गर्न नसकेको र सर्पदंशको उपचारमा पनि भारतसँग निर्भर हुनु परिरहेको अहिलेको अवस्थालाई मध्यनजर गर्दै प्रतिष्ठानले स्वदेशमै ल्याब स्थापना गर्न लागेको हो । एन्टी स्नेक भेनम उत्पादन तथा अनुसन्धान परियोजनाका लागि सङ्घीय, प्रदेश र लालबन्दी नगरपालिका गरी तीनवटै निकायसँग सम्झौता गरिसकेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सर्लाहीका अध्यक्ष एवं फलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानका अध्यक्ष रेवती पन्तले बताउनुभयो ।

प्रतिष्ठानले बोलपत्र आह्वान गरेपछि दर्ता हुन आउने संस्थालाई प्रक्रिया मिलाएर स्वीकृति गर्नुपर्ने थप काम बाँकी रहेकाले क्रमागतरूपमा फागुनको पहिलो सातादेखि परिसरसहित अस्पताल भवन र अन्य संरचना निर्माणको काम अगाडि बढाइने अध्यक्ष पन्तले बताउनुभयो । उहाँका अनुसार दुई वर्षभित्र भवनलगायतका सबै संरचना बनिसक्ने र सर्पको विष उत्पादन हुन थाल्नेछ । यसरी उत्पादन गरिने विष शुरुमा भारतका ल्याबमा पठाइ 'एन्टी स्नेक भेनम' बनाइने र त्यसपछि नेपालमै ल्याब बनाउने योजनामा आफू रहेको अध्यक्ष पन्तले बताउनुभयो ।

नेपालको विभिन्न भूभागबाट ल्याइने घोडा र सर्प संरक्षणका लागि प्रतिष्ठानले थप योजना ल्याउनेछ । "विश्व बजारमा माग उच्च रहेको उद्योग र अनुसन्धान केन्द्र नेपालमा सञ्चालन हुनु देशका लागि गौरवको कुरा हो ।" स्थानीयस्तरमै सयौँको सङ्ख्यामा रोजगारीको अवसर सिर्जना हुनुका साथै लाखौँ मानिसको जीवनमा सकारात्मक प्रभाव पर्ने अध्यक्ष पन्तको विश्वास छ ।

विषालु सर्पले टोकेर नेपालको तराई क्षेत्रमा मात्र बर्सेनि दुई हजार ५०० भन्दा बढी मानिसको ज्यान जाने गरेको छ । विषालु सर्पले डसेको एक जना बिरामीलाई औसतमा १५ देखि २० भायल एन्टी भेनम चाहिन्छ । नेपालका सबै क्षेत्रका लागि आवश्यकतानुसार वार्षिक १० लाखसम्म भायल एन्टी भेनम आवश्यक पर्ने विज्ञले बताएका छन् । हाल नेपालमा सर्पको विषविरुद्धको औषधि भारतबाट आयात हुन्छ ।

# वैदेशिक रोजगारीलाई लाभदायी बनाउन सरकार गम्भीर : मन्त्री राय

काठमाडौँ, ३ पुस (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले वैदेशिक रोजगारीलाई सबैले अनुभूति गर्न सक्ने गरी सुरक्षित, व्यवस्थित, मर्यादित तथा तुलनात्मकरूपमा बढी लाभदायी बनाउन सरकार गम्भीरतापूर्वक अगाडि बढेको बताउनुभएको छ । अन्तर्राष्ट्रिय आप्रवासन दिवसका अवसरमा शुक्रबार शुभकामना दिँदै उहाँले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक र तिनका परिवारको सुरक्षा, हित र कल्याणलाई सुनिश्चित गर्ने सवालमा देखिएका चुनौतीको सामना गर्दै यसको समुचित व्यवस्थापनका लागि निरन्तर अगाडि बढिरहेको बताउनुभएको छ ।

नेपालमा श्रमिकको अधिकारका लागि नीतिगत तथा कानूनी आधार तयार भइसकेको र योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम कार्यान्वयन भइरहेको उल्लेख गर्दै उहाँले प्रत्येक वर्ष आन्तरिक श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिलाई ध्यानमा राखी रोजगारीका अवसरहरू उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । श्रमको सम्मान गर्दै प्रत्येक कामदारको हकअधिकार रक्षाका लागि श्रम ऐन, २०७४ का साथै योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम कार्यान्वयनमा ल्याइएको उहाँले बताउनुभएको छ । सीपयुक्त जनशक्तिको विकासका लागि समेत तदारुकताका साथ गृहकार्य अगाडि बढाइएको मन्त्री रायको भनाइ छ ।

आप्रवासीमाथि देश, जाति, धर्म, भाषा आदिका आधारमा हुने विभेदलाई ध्यानमा राखेर संयुक्त राष्ट्रसङ्घबाट डिसेम्बर १८, १९९० का दिन आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० पारित भएको थियो । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००० डिसेम्बर ४ मा डिसेम्बर १८ का दिनलाई अन्तर्राष्ट्रिय आप्रवासन कामदार दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । सोही निर्णयको समर्थन गर्दै नेपालले पनि डिसेम्बर १८ का दिन विभिन्न कार्यक्रमका साथ अन्तर्राष्ट्रिय आप्रवासन दिवस मनाउँदै आएको छ ।

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको व्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै व्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको व्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहि हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# समुन्नती कार्यक्रम अन्तरगत बार्षिक कार्यक्रमको समिक्षा एवं अनुगमन



**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

सेभ द सप्तरीले सन् २०20 मा एक बर्षभरी आफ्ना बिभिन्न क्षेत्रमा गरेका क्रियाकलाप तथा कार्यक्रमको बारेमा शुक्रबार समिक्षा गरि सल्लाहकार समिति बैठक तथा भ्रमण कार्यक्रम सम्पन्न गरेको छ ।

राजविराजमा सम्पन्न कार्यक्रम सल्लाहकार समितिको बैठक तथा भ्रमण कार्यक्रममा राजविराज नगरपालिकासहित जिल्लाको दक्षिणी भेगका तिलाठी कोइलाडी तथा बिष्णुपुर गाउँपालिका र राजविराज नगरपालिका वडा नं. १६ मा एक बर्ष भरीमा गरिएका कामकाजको बारेमा सेभ द सप्तरीका कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरीले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले सन् २०२० एक बर्ष भरी गरेका कामकाजको बारेमा दुई समुहमा बिभाजन गरि स्थलगत अनुगमन गरेको छ ।

सो क्रममा एक टोलीले तिलाठी कोइलाडी गाउँपालिकाको स्थलगत अनुगमन गरिएको छ भने अर्को टिमले जिल्लाको बिष्णुपुर र राजविराज नगरपालिकाको वडा नं. १६ मा सेभ द सप्तरीले गरेका काम बारे अनुगमन गरेको छ ।

एक समुहले तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ कोइलाडीस्थित कोशी पलारमा दिनारामभद्री कृषक समूहले लगाएको तरकारीबालीको अनुगमन गरेको छ ।

सेभ द चिल्ड्रेन र सेभ द सप्तरीको सहकार्यमा संचालित समुन्नती कार्यक्रम जिविकोपार्जन अर्न्तगत सिमान्तकृत वर्गका अधिकाश दलितहरुलाई लक्षित गरि यहाँका सदा (मुसहर) र मलाहा (मुखिया) समुदायहरुका लागि कोशीको किनारमा रहको स्थानिय जग्गा धनीबाट ३ बिगहा जमिन पाँच बर्षका लागि भडामा लिई उनीहरुलाई जग्गामा तरकारीबाली लगाइएको छ ।

उक्त ठाउँमा तरकारीबालीमा बिशेष गरि फुल कोभी, बन्दाकोभी, भान्टा, खुर्सानी, टमाटर, आलु, मुला, रायो साग, लहरे तरकारी अर्न्तगतका वालीहरु फर्सी, लौका, करेला, वोडी, कात्रो लगायतका तरकारीहरु उत्पादन गर्दै आइएका छन् ।

हाल दिनारामभद्री कृषक समुहले आफ्नै पहलमा तरकारी खेती बढाएर ५ बिगघासम्म पु¬¥याएका छन । समुन्नती कार्यक्रमको जिविकोपार्जन मार्फत सेभ द सप्तरीले यस



कृषक समुहलाई बिगत बर्षदेखि नै क्षमता अभिबृदि लगायतका तालिम र बिउ, बिजन, मलखाद र सिचाईका सामग्रीहरु लगायत कृषि सम्बन्धि बिभिन्न समानहरु प्रदान गरि सहयोग गर्दै आएको सेभ द सप्तरीका कृषि प्राबिधिक रामकुमार साहले जानकारी दिए ।

सो तरकारी खेतीबाट त्यहाँका दलित समुदायका मानिसहरु आत्मनिभर बनेर आफनो पारिवार चलाउनुका साथै छोरा छोरीहरुलाइृ बिद्यालयसम्म पढाउन पाइएको दिनाराम भद्री कृषक समुहकी सदस्य सुमिदा देवी मुखियाले बताए ।

यस्तै तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ बनरझुलामा रहेको राजाजी आधारभुत बिद्यालयमा पनि रु १८ लाखको लागतमा बालबिकास भवन निर्माण गरिएको छ ।

उक्त भवन निर्माणमा गाउँपालिकाले रु ९ लाख २५ हजार र सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको साँझेदारीमा रु ९ लाख २५ हजारबाट भवन निर्माण सम्पन्न भई अहिले बालबिकासका बालबालिकाहरु पढिरहेको सेभ द सप्तरीका सुपर भाइजर रामकुमार रामले अनुगमन कर्ताहरुलई जानकारी दिएका छन् ।

उक्त विद्यालयमा बिद्यालय स्वास्थ्य पोषण, किशोर किशोरी बिकास कार्यक्रम, आधारभुत कक्षा १ देखि ७ सम्मका बिद्यार्थीहरुलाई बिभिन्न सहयोग र प्रारभिक बालबिकास कार्यक्रम लगायतका कार्यक्रमहरु संचालन गरिएको प्रधानाध्यापक भागवत साहले बताए ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ तोपामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा समेत दुई लाख भन्दा बढीको लागतमा मर्मत सम्भार, नवजात शिशु स्याहार र मायाको अङगालो कुन्ना स्थापना, प्रसुति गृहमा प्रदान गरिएको पर्दा, कोभिड १९ का लागि ३ लाखको स्वास्थ्य सामग्री सहयोग दिइएको बारे फिल्ड अधिृकृत बिद्यया मण्डलले जानकारी दिए ।

प्राथमिक स्वास्थ्य केन्द्र तोमामा १६ जना स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य उपचार भइरहेको प्रमुख बालकुमार साहले जानकारी दिए ।

यस्तै अर्कों समुहले जिल्लाको बिष्णुपुर र राजविराज नगरपालिकाको समेत अनुगमण गरिएको छ । सो क्रममा बिष्णुपुर गाउँपालिका वडा नं. १ मा १६ लाखको लागतमा निर्माण गरिएको बालबिकास भवन तथा राजविराज नगरपालिका वडा नं. १६ मा चप्पाकलको अनुगमन गरिएको छ ।

राजविराज नगरपालिका वडा नं. १६ स्थित मुसहर बस्तीमा रु ५७ हजार ५०० सयको लागतमा निर्माण गरिएको चापाकलको समेत अनुगमन गरिएको सेभ द सप्तरीका फिल्ड अधिकृत सत्यनारायण थारुले जानकारी दिए ।

त्यस्तै स्थानिय लघुउद्यमी सत्यनारायण संगले सेभ द सप्तरीको आर्थिक सहयोगबाट संचालन गरेको किराना पसलबाट उनले दैनिक ३ सय बचत गरिहेको सेभ द सप्तरीका फिल्ड अधिकृत थारुले अनुगमनको क्रममा भने ।

यसैगरी राजबिराज १६ स्थित बोरिया को स्वास्थ चौकी हाता भित्र निर्माणधिण प्रसुति गृह निर्माणमा सेभ द सप्तरी र सेभद चिल्ड्रेनको तर्फबाट २५ लाख तथा राजबिराज नगरपालिकाबाट १५ लाख र स्थानियबाट ४ लाखको अनुदानबाट सो भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको अनुगमन टोलीका राजबिराज नगरपालिका उपप्रमुख साधना झाले बताईन ।

अनुगमन टोलीले राजबिराज १६ स्थित बोरियामा लघु उधमीको लागि त्यहाँका सत्य नारायण मण्डलले संस्थावाट १० हजार अनुदान प्राप्त गरी ब्यवसाय संचालन गरेको प्रगति वारे समेत जानकारी लिएको छ ।

सो अनुगमन टोलीमा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादब, प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्य, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ, छिन्मस्ता गाउपालिका अध्यक्ष सुर्य नारायण मण्डल, बिष्णुपुर गाउपालिका अध्यक्ष निलाम्वर यादब, तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिँह, शिक्षा बिकास तथा समन्वय ईकाई प्रमुख फणिन्द्र खत्री, सेभ द चिल्ड्रेनका शिक्षा कार्यक्रम संयोजक खिलानाथ गौतम, सेभ द सप्तरी कार्यक्रम संयोजक गोपाल चौधरी, फिल्ड अधिकृत ललिता मण्डल, फिल्ड अफिसर बिष्णुकान्त देव, बिदिया मण्डल, फिल्ड अफिसर राजिव चौधरी, प्राबिधिक बिदियान्नद ठाकुर लगायतको सहभागिता रहेको थियो ।

## *चिसोका कारण ...*

प्रशासन कार्यालयले जनाएको छ ।

गत मङ्सिर २२ देखि मङ्सिर २८ गतेसम्मको अवधिमा ती चारै जनाको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कर्णेंलले बताउनुभयो । सो अवधिमा चिसो छल्न बालिएको घुरमा आगो ताप्ने क्रममा जलेर अन्य पाँच घाइते भई विभिन्न अस्पतालमा उपचार भइरहेको उहाँले जानकारी दिनुभयो ।

यसैबीच चिसो प्रभावित सुखीपुर नगरपालिका-८ र गोलबजार नगरपालिका-१३ का १५० परिवारलाई स्वदेश लघुवित्त संस्था सुखीपुरले न्यानो कपडा वितरण गरेको छ । सुखीपुर नगरपालिका-८ अस्पतालचोकका १३० र गोलबजार नगरपालिका-१३ का २० परिवारलाई चिसोबाट जोगिन न्यानो कपडा वितरण गरेको प्रजिअ कर्णेंलले बताउनुभयो ।

# विश्व समाचार

## विद्यालयबाट अपहरित ३४४ विद्यार्थी मुक्त

अबुजा, ३ पुस (रासस/सिन्ह्वा) ।

नाइजेरियाको उत्तरी राज्य कितसिनाबाट करिब एक हप्ता अगाडी बन्दुकधारीहरुले विद्यालयमा आक्रमण गरी बेपत्ता पारिएका ३४४ विद्यार्थी मुक्त भएका सो राज्यका गभर्नर अमिनु मासारीले बताउनु भएको छ । यस घटनामा यहाँको आतङ्ककारी समूह बोको हरामको हात रहेको छ । अपहरण मुक्त भएका प्राय:विद्यार्थिहरु केटा भएका मसारीले नाइजेरियाली टेलिभिजन एनटिएनलाई बताउनु भएको छ । हाल ती विद्यार्थिहरु कितसिना राज्यतर्फ फर्किर्दै गरेका र उनीहरुलाई स्वास्थ्य उपचार गराई परिवारजनको जिम्मा लगाइने मसारीले बताउनु भएको छ । कितसिना राज्यको कंकरा इलाकामा रहेको सरकारी विज्ञान माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई गत डिसेम्बर ११ का दिनमा विद्यालयमा आक्रमण बन्दुकधारी समूहले अपहरण गरेका थिए । स्थानीय सञ्चार माध्यमकाअनुसार ती विद्यार्थिहरुलाई छिमेकी पर्ने राज्यको एक विशाल जंगलमा लगिएको थियो ।बन्दुकधारीले गरेको सो हमलामा परी यहाँका ३४४ जना बालबालिका हराएका थिए । बोको हराम नामक यहाँको आतङ्ककारी संगठनले बुधबार ती बालबालिका आफूले अपहरण गरी लगेको र अहिले पनि उनीहरु आफूसँगै रहेका बताएको थियो । सो राज्यका गभर्नर मासारीले सो बालबालिका अपहरण परेको सूचना प्राप्त भएपछि खोजी जारी राखिएको बताउनु भएको थियो । बोको हराम संगठनका नेता अबुबाकर सेकाउले बुधबार एक अडियो सन्देश पठाएर ती विद्यालयमा आफूले अपहरण गरेको भन्दै विद्यालयका ३४४ जना बालकालिका आफूहरुसँग रहेको बताएका थिए । सो विद्यालयमा ८३९ जना विद्यार्थी अध्ययनरत रहेको थिए । नाइजेरियाको बोको हराम आतङ्ककारी समूहले विद्यालयबाट विद्यार्थीलाई अपहरण गरेर लैजाने र आफ्नो सैन्य समूहमा भर्ती गर्ने गर्दछन् ।

## विश्वका पूर्वराष्ट्रपति र पूर्वप्रधानमन्त्री पनि बने कोरोनाको शिकार

काठमाडौं, ३ पुस (रासस) ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमणबाट संसारभरी अहिलेसम्म १६ लाख ६८ हजारभन्दा बढीको मृत्यु भइसकेको छ । तीमध्ये अधिकांश सर्वसाधारण छन् भने केही प्रभावशाली र चर्चित व्यक्तिहरुको पनि कोरोनाका कारण जीवन अन्त्य भएको छ । विशेष गरेर दिर्घरोगी र बृद्ध अवस्थाका व्यक्तिलाई बढी प्रभावित पार्ने भएकाले मृत्यु भएकाहरु पनि अधिकांश उमेर धेरै भएकाहरु रहेका छन् । त्यसैगरी मृत्यु हुनेमा कोरोना नियन्त्रणका लागि अग्रपंक्तिमा खटिनु पर्ने र कोरोनाभाइरस फैलिएको बेलामा पनि आफ्नो काम रोक्न नमिल्ने जिम्मेवारीमा रहेकाहरु पनि धेरै रहेका छन् । झण्डै एक वर्षको अवधिमा एक हजारभन्दा बढी प्रतिष्ठित व्यक्तिहरु, सेलिब्रेटीहरु कोरोनाको शिकार भएका छन् । कोरोनाका कारण निधन भएर विश्वभरी चर्चा भएका व्यक्तिहरुको सूचीमा चिनियाँ चिकित्सक लिवाङ उडोङ्को नाम सबैभन्दा पहिला आउँछ । उहाँ कोरोनाका कारण जीवन गुमाउनु परेका पहिलो चिकित्सक हुनुहुन्छ । उहाँको जनवरी २५ मा चीनको हुवेइमा निधन भएको थियो । चीनबाट सुरु भएर केही समय चीनमा मात्रै फैलिएको कोरोनाका कारण जनवरी २७ मा चीनको हुङशीका पूर्व मेयर याङ सिआबोको पनि मृत्यु भयो । फेब्रअरी ७ तारिखमा विश्वभरी अर्को दुःखद खबर फैलियो । कोरोनाभाइरसको सबैभन्दा पहिला पहिचान गर्ने चिकित्सकको कोरोना संक्रमणबाटै मृत्यु भयो । कोरोनाको मुहान मानिएको उहानबाट आएको यो खबरले विश्वलाई थप चिन्तित बनायो जसले कोरोना पत्ता लगाएको थियो, उसैले कोरोनाका विरुद्धमा औषधि पनि पत्ता लगाउला भन्ने धेरैले आशा गरेका थिए । उहाँको निधनले धेरैलाई निराश र दुःखी पनि बनायो । कोरोनाका कारण शीर्ष नेताहरुको निधनको क्रम भने इरानबाट सुरु भयो । महामारीबाट अत्यन्त प्रभावित भएको इरानका पूर्व उपराष्ट्रपति मोहम्मद मिरमोहम्मदीको फेब्रुअरी २९ मा निधन भयो । टर्कीको सेनाका पूर्व कमाण्डर एटाक यल्मान मार्च १५ मा कोरोनासँग पराजित हुनुभयो । त्यसैगरी फ्रान्सका पूर्व सिनेटर निकोलस अल्फोन्सी, बुर्किना फासोका दोस्रो उपराष्ट्रपति रोज म्यारी कम्पाओर, नेदरल्याण्डका पूर्व सांसद ह्यारी आर्टस, इन्डोनेसियाका पूर्व सांसद इमाम सुरोसो, फ्रान्सका पूर्व सांसद पत्रिच डेभेडजीनको पनि कोरोनाका कारण मार्च महिनामा निधन भयो । मार्चमै गणतन्त्र कंगोका पूर्व प्रधानमन्त्री तथा पूर्व राष्ट्रपति जोयचिम योम्बी ओपाङ्गोले मार्च ३० मा संसार छाड्नुभयो । अप्रिल लागेकै दिन सोमालियाका पूर्व प्रधानमन्त्री नुर हसन हसेन र सर्बियाका पूर्व वातावरण संरक्षण मन्त्री ब्रानिस्लाभ ब्लाजिकको कोरोनाकै कारण निधन भयो । हुसेनको उपचारका क्रममा बेलायतमा निधन भएको हो । सन् २०११ मा लिबियामा कार्यबाहक प्रधानमन्त्री बन्नु भएका मोहम्मद जिब्रिलको अप्रिल ५ मा इजिप्टको कायरोमा निधन भयो ।त्यसैगरी अमेरिकाको विभिन्न राज्यका पूर्व राज्यसभा सदस्यहरु पनि कोरोनाको शिकार भएका छन् । स्पेनका पूर्व अम्बुड्सम्यान तथा पूर्व न्याय मन्त्री इन्रीक मुगीका र चिलीका पूर्व गृहमन्त्री सेर्गियो ओनोफ्रे जार्पाको क्रमशः अप्रिल १० र १९ तारिखमा निधन भयो । युरोपेली संसद, क्याटलोनिया, ब्राजिल, अमेजन, हंगेरी, फिलिपिन्स, भेनेजुएला, इराक, दक्षिण अफ्रिका, होन्डुरस, लगायतका देशमा पनि प्रदेश तथा केन्द्रीय संसदका धेरै पूर्व सांसदहरुले कोरोनाका कारण ज्यान गुमाउनु परेको छ । मृत्यु भएका पूर्व सांसदहरु मध्ये भारत, अमेरिका र ब्राजिलका धेरै रहेका छन् । ग्रीसका पूर्व स्वास्थ्य मन्त्री दिमित्रिस क्रेमास्तीनोस, बंगलादेशका पूर्व उर्जा मन्त्री अन्वारुल कबिर तालुक्दार, बंलादेशकै पूर्व स्वासथ्य तथा परिवार कल्याण र पूर्व गृह मन्त्री मोहम्मद नसिम, सिरियाका पूर्व संस्कृति मन्त्री रियाद इस्माट, किर्गिस्तानका पूर्व न्याय मन्त्री मुकर चोल्पोन्बययेभ, रुसका पूर्व उर्जा मन्त्री भ्लादिमिर लोपुखीम, गुटेमालाका पूर्व विदेश मन्त्री हारोल्डो रोडासलगायतका धेरै देशका पुर्व मन्त्रीहरुलाई पनि कोरोनाका कारण गुमाउनु परेको छ । पाकिस्तानी सिनेटका पूर्व उपाध्यक्ष सयद फजाल अघाको पनि कोरोनाका कारण निधन भएको छ । बंलादेशमा एक जना बहालवाला रक्षा सचिव अब्दुल्लाह अल मोहसीन चौधारीको जुन २९ मा कोरोनाको उपचारका क्रममा मृत्यु भएको थियो । जुलाईको १३ तारिखमा यमनका पूर्व कार्यबाहक प्रधानमन्त्री हसन अल लावजीको निधन भयो भने उज्वेकिस्तानको संसदका पूर्व अध्यक्ष मुसा येर्नीयाजोभको जुलाई ३१ मा निधन भयो । फिलिपिन्सको निर्वाचन आयोगका पूर्व अध्यक्ष सिक्सटो ब्रीलान्टेजले पनि कोरोनाकै कारण जीवन गुमाउनु भयो । कोरोनाका कारण निधन भएका विश्वका ठूला मान्छेको सूचीमा भारतका भारतका पूर्व राष्ट्रपति प्रणव मुखर्जीको नाम पनि रहेको छ । सन् २०१२ देखि २०१७ सम्म भारतको १३ औं राष्ट्रपति बन्नु भएका मुखर्जीको अगस्ट ३१ मा निधन भएको हो । उल्लेख गरिएका बाहेक पनि धेरै नेता, कवि, कलाकार, राजनीतिज्ञहरुले कोरोनाका कारण ज्यान गुमाउनु परेको छ । कतिपय नेताहरु जनताको सेवाकै लागि खटिरहेका बेला कोरोनाबाट सङ्क्रमित हुनुभएको थियो भने कतिपय नेताहरु बृद्ध अवस्थामा भएकाले कोरोनालाई जित्न सक्नु भएन । (अन्तर्राष्ट्रिय समाचारमा आधारित)

# अन्तरक्रिया तथा मैनबत्ति प्रज्ववलन गरि मनाइयो अप्रावासन दिवस



**दैनिक समाचारदाता राजविराज, ३ पुस ।**

अन्तराष्ट्रिय अप्रवासन दिवसको अवसरमा राजविराजमा अन्तरक्रिया तथा मैनबत्ति प्रज्ववलन गरि मनाइएको छ।

सप्तरी सामुदायिक विकास केन्द्र नेपालको आयोजनामा राजविराज नगरपालिका वडा नं. १२ मा सीप र रोजगार: आर्थिक समृद्धिको आधार भन्ने मुल नाराका साथ शुक्रबार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो ।

वडा अध्यक्ष हरिहर यादवको अध्यक्षतामा सम्पन्न अन्तरक्रियामा वक्ताहरुले सुरक्षित बैदेशिक रोजगारीका लागि सीप सिकेर जान सुझाव दिएका छन् ।

संस्थाले राजविराज नगरपालिका, कन्चनरुप नगरपालिका, शम्भुनाथ नगरपालिका तथा राजगढ गाउपालिकामा सुरक्षित आप्रवासन परियोजना कार्यक्रम संचालन गरिरहेको छ।

यस्तै संस्थाले शुक्रबारै साझ राजविराजस्थित गजेन्द्र चौकमा मैनबत्ति प्रज्ववलन गरेको छ।

राजविराज नगरपालिकाका उपप्रमुख साधना झाको अध्यक्षत तथा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रजिअ जयकुमार घिमिरे, नगरपालिकाका अधिकृत मदन बहादुर थापा, जिल्ला प्रहरी कार्यालयका डिएसपी भुवनेश्वर साह, नागरिक समाजका थानसिंह भंसाली, संस्थाका अध्यक्ष तथा कर्मचारीलगायतको सहभागिता रहेको थियो ।

# ग्लोबल २१ औं वर्षमा प्रवेश



**दैनिक समाचारदाता राजविराज, ३ पुस ।**

ग्लोबल बहुमुखी सहकारी संस्था लि. राजविराजको शुक्रबार २० औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

सो अवसरमा अध्यक्ष सुखराम यादवले संस्थामा उत्कृष्ट काम गर्ने कर्मचारीदेखी स्वमसेवकसम्मलाई कदर पत्रबाट सम्मान गरेका छन् ।

साधारण सभामा अध्यक्ष यादवद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन अनुसार संस्थाले आ.ब. २०७६/७७ मा २७ करोड ८६ लाख १२ हजार ९ सय रुँपैया निक्षेप संकलन तथा २६ करोड ५६ लाख ५३ हजार ३ सय ६४ रुँपैया निक्षेप फिर्ता गरि १५ करोड १७ लाख ८५ हजार ६ सय ५४ रुँपैया ऋण लगानी गरेको छ ।

यस अवधीमा संस्थाले ४३ करोड ७३ लाख ६६ हजार ५ सय १३ रुँपैयाको कारोबार गरि १ लाख ५३ हजार २ सय रुँपैया खुद मुनाफा गर्न सफल भएको छ। २०७५ साल पुस २ गतेदेखी गरिबी निवारण, महिला स्वरोजगार, अनुसन्धान र विकास, बचत तथा ऋण लगायतका विभिन्न कार्यक्रम लिएर संचालनमा आएको सो संस्थाले हाल जिल्लाको सबै १८ वटै स्थानिय तहमा सेवा बिस्तार गरिसकेको छ ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंक राजविराजका संचालक विश्वनाथ मण्डलले लामो समयदेखी शिक्षा, स्वास्थ्य, स्वरोजगार, गरिबी निवारण र आय आर्जनका क्षेत्रमा काम गर्दै आएका संस्थाले भावी दिनमा पनि अझ प्रभावकारी ढंगले आफ्ना कार्यक्रमहरु अघि बढाउन सकोस् भन्ने कामनासहित शुभकामना दिएका थिए ।

कार्यक्रममा लेखा संयोजक उमेश प्रसाद यादवले लेखा प्रतिवेदन तथा लघु बित्त प्रमुख पंकज पोखरेलले भावी नीति तथा कार्यक्रम बारे जानकारी गराएका थिए ।

# संघिय सरकार उखु किसानप्रति उदासिन : कृषि मन्त्री साह

**दैनिक समाचारदाता राजविराज, ३ पुस ।**

प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले उखु किसानको सन्तापहरण गर्ने दायित्वप्रति संघीय सरकारको बेवास्ता र उदासीनता दुर्भाग्यपूर्ण र चिन्तायोग्य रहेको बताएका छन् ।

मन्त्री साहले एक विज्ञप्ति जारी गर्दै चिनी मिलहरुबाट उखुबापतको भुक्तानी नपाएको भन्दै प्रदेश २ का किसान संघीय राजधानीमा आन्दोलनरत्त रहेको स्थितिलाई अत्यन्त गम्भीरता एवं संवेदनशीलतापूर्वक नियालिरहेको विज्ञप्तिमा उल्लेख गरेका छन् ।

संघीय सरकारको जिम्मेवारी र नियन्त्रित व्यवस्थाभित्र रहँदै आएको बिउबिजन, मलखादको उपलब्धता र बिक्रीवितरण प्रणाली तथा कृषिजन्य उत्पादनको मूल्य निर्धारण तथा भुक्तानीजस्ता आधारभूत कार्य व्यवस्थित, वैज्ञानिक र किसान हितकारी नहुँदा पहिलेदेखि लगानी अनुरुपको प्रतिफल प्राप्त नहुने र मर्कामा परेका किसानहरुलाई सधैंभरि आफ्नो उत्पादनको रकम प्राप्त गर्न चिसो सिरेटोमा आन्दोलन गर्नुपर्ने बाध्यता अन्त्य गर्नतर्फ सरकार केन्द्रित हुनुपर्नेमा जोड दिएका छन् ।

उत्पीडन तथा सबैखाले भेदभावविरुद्धको जनसंघर्ष र स्वशासनको आकांक्षाबाट जनअनुमोदित प्रदेश २ सरकार किसानलाई लाचार र विवश बनाउने कुनै पनि शक्तिको दुस्साहसको सही, सटीक र सबल प्रतिकार गर्ने चेतावनीसमेत उनले दिएका छन् ।

# कोभिड संक्रमित १० दिन क्वारेन्टिनमा बस्नुपर्ने

काठमाडौँ, ३ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ सङ्क्रमितको क्वारेन्टिन वा आइसोलेशनमा रहने समयावधि घटाएको छ। यसअघि सङ्क्रमित १४ दिन अनिवार्य क्वारेन्टिन वा आइसोलेशनमा बस्नुपर्नेमा अबदेखि १० दिन मात्र बसे हुने जनाइएको छ ।

विभिन्न अध्ययनले १० दिनपछि सङ्क्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने देखाएपछि क्वारेन्टिन वा आइसोलेशनमा बस्नुपर्ने समयमा विधि घटाइएको मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो । सङ्क्रमणको लक्षण चिह्न देखिएर बिरामी भएका र गम्भीर प्रकृतिका बिरामीबाहेक सबै सङ्क्रमितलाई १० दिन मात्र राख्ने मन्त्रालयको नीति, योजना र अनुगमन महाशाखाले निर्णय गरेको थियो ।

यस्तै मन्त्रालयको स्वास्थ्य आपत्कालीन कार्य सञ्चालक केन्द्रले विदेशबाट नेपाल आउने व्यक्तिलाई अनिवार्य १० दिन क्वारेन्टिन वा आइसोलेशनमा बस्न भनेको छ । केन्द्रका प्रमुख तथा सहप्रवक्ता डा अधिकारीले सूचना जारी गर्दै विदेशबाट नेपाल आएका वा सङ्क्रमितको सम्पर्कमा आएको दिनदेखि कम्तीमा १० दिन अनिवार्य क्वारेन्टिन वा आइसोलेशनमा बस्नुपर्ने जानकारी दिनुभयो ।

महाशाखाले १० दिन बसेका आधारमा मात्र स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्न सबै अस्पताललाई समेत अनुरोध गरेको छ । महाशाखा प्रमुख डा गुणराज लोहनीले सूचना प्रणाली अद्यावधिक गरेअनुसार नै अस्पताललाई शोधभर्नाबापतको रकम उपलब्ध गराइने जानकारी दिनुभयो । उहाँले कुनै पनि अस्पतालले कोभिड-१९ का बिरामी भर्ना गरी उपचार गरेको सूचना प्रणालीमा अद्यावधिक नगरेमा मन्त्रालय/प्रदेश/स्थानीय तहबाट हुने अस्पताल नवीकरण वा सूचीकरण नहुने व्यवस्थासमेत गरिएको जानकारी दिनुभयो ।

मन्त्रालयले निःशुल्क उपचार गरेवापतको शोधभर्ना रकम माग गरिएका बिरामीबाट कुनै पनि शुल्क नलिन समेत अनुरोध गरेको छ । मन्त्रालयले बिरामीबाट शुल्क लिएको पाइएमा शोधभर्ना नगरिने बताएको छ । नेपालमा अहिलेसम्म कोरोना सङ्क्रमित ४४४ जना क्वारेन्टिनमा र छ हजार ९४ जना होम आइसोलेशनमा छन् । त्यस्तै दुई लाख ५१ हजार ६९२ सङ्क्रमित, दुई लाख ४० हजार ३६३ निको र एक हजार ७४९ जना सङ्क्रमणका कारणले निधन भएका छन् ।





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit | CITY EXPRESS | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*